परिवर्तन गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा ।
स्वास्थ्यशाखा
लुम्बिनीप्रदेश ,नेपाल ।


प.सं. ०८१/०८२
च.नं. ५४२

मिति : २०८१।०८।१७

बिषय : अर्धबार्षिक जुकाको औषधी वितरण गर्ने सम्बन्धमा ।

श्री स्वास्थ्य चौकी सबै ।
आधारभुत स्वास्थ्य सेवा केन्द्र नाफे ।
परिवर्तन गाउँपालिका पुतलाचौर,रोल्पा ।

प्रस्तुत बिषय सम्बन्धमा यस आव २०८१।०८२ को नियमित कार्यक्रम अनुसार निजि तथा सामुदायिक विद्यालयहरुमा अध्यनरत ५ बर्ष माथिका सबै बालबालिकाहरुलाई अर्धबार्षिक जुकाको औषधी खुवाउने कार्यक्रम भएकोले सम्बन्धित स्वास्थ्य सस्थाको वडामा रहेका निजि तथा सामुदायिक विद्यालयमा समन्वय गरी यही मिति २०८१ मंशिर महिनाको मसान्त सम्म उक्त जुकाको औषधि खुवाउने कार्यक्रम सफल बनाउनु हुन जानकारी गरिन्छ । साथै यो भन्दा अधिल्लो आ.व. को स्वास्थ्य सस्था स्तरिय प्रगती विवरण, परिवर्तन गाउँपालिका शिक्षा शाखा बाट उपलब्ध विद्यार्थीहरुको विवरण भन्दा कम भएकोले लक्षित सबै बालिबालिकाहरुलाई नछुटाउनु हुन र जुकाको औषधि अपुग भएमा स्वास्थ्य शाखामा सम्पर्क गर्नहुन पनि जानकारी गरिन्छ ।

प्रेम जि.सुन
प्रमुख प्रशासकिय अधिकृत


फोन नं. :९८५७८४९००२ईमेल :paribartanrmun@gmail.com,वेब पेज :www.paribartanmun.gov.np

परिवर्तन गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
पुतलाचौर, रोल्पा ।
स्वास्थ्यशाखा
लुम्बिनीप्रदेश ,नेपाल ।

प.सं. ०८१/०८२
च.नं. ५४२

मिति : २०८१।०८।१७

बिषय : ५ बर्ष माथिका सबै बालिबालिकाहरुलाई जुकाको औषधि खुवाउने सम्वन्धमा ।

श्री निजि तथा सामुदायिक विद्यालय सबै ।
परिवर्तन गाउँपालिका पुतलाचौर ,रोल्पा ।

प्रस्तुत बिषय सम्बन्धमा परिवर्तन गाउँपालिका (स्वास्थ्य शाखा ) को नियमित कार्यक्रम अनुसार विद्यालयमा अध्यनरत ५ बर्ष माथिका बालबालिकाहरुलाई विभिन्न जुकाको परिजिवी बाट लाग्ने रोगबाट बचाइ पोषण स्थिती सुधारको लागी अर्धबार्षिक रुपमा जुकाको औषधि खुवाउने कार्यक्रम रहेकोले यस आव २०८१।०८२ पहिलो अर्धबार्षिकमा जुकाको औषधि खुवाउने कार्य यहि मिति २०८१ साल मंशिर महिनाको मसान्त सम्म रहेकोले आफनो सम्वन्धित वडाको स्वास्थ्य सस्थामा समन्वय गरी सबै बालबालिकाहरुलाई जुकाको औषधि खुवाउनु हुन जानकारीको लागी अनुरोध छ । साथै १० बर्ष देखी १९ बर्षका किशोरीहरुलाई रक्तअल्पता हुन बाट बचाउन आईरण चक्की खुवाउने कार्य भैरहेको छ । उक्त कार्यको थप निरन्तरता संगै कुनै पनि बालबालिकाहरुको माथि उल्लेखित रोगबाट भविष्यमा हुने जोखिम कम गरी स्वास्थ्य स्थिती सुधारको लागी तपाईहरुको अहम भुमिका रहने छ भन्ने अपेक्षा समेत व्यक्त गर्दछु ।

..............
प्रेम जि.एम.
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :९८५७८४९००२इमेल :paribartanrmun@gmail.com,वेब पेज :www.paribartanmun.gov.np